# गुराँस राजपत्र

**गुराँस गाउँपालिकाद्धारा प्रकाशित**

**खण्डः १०** | **संख्याः १७** | **मितिः२०८३।०४।२५**

**भागः २**

गुराँस गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (FCHV) व्यवस्थापन कार्यविधि, २०८३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिकाले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (FCHV) व्यवस्थापन कार्यविधि, २०८३ जारी गरेको छ ।

## गुराँस गाउँपालिका

## महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (FCHV) व्यवस्थापन कार्यविधि, २०८३

कार्यपालिकाबट स्वीकृत मितिः २०८३/०४/२२

प्रमाणीकरण मितिः २०८३/०४/२५

**प्रस्तावना:**

गुराँस गाउँपालिका क्षेत्रभित्र आधारभूत स्वास्थ्य सेवालाई जनताको पहुँचसम्म पुर्‍याउन, मातृत्व तथा शिशु स्वास्थ्यमा सुधार ल्याउन, रोग नियन्त्रण एवं स्वास्थ्य प्रवर्द्धनका कार्यहरूमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूले पुर्‍याएको योगदानको कदर गर्दै;

उनीहरूको चयन, परिचालन, क्षमता विकास, प्रोत्साहन, सेवा निवृत्ती र कोष सञ्चालनलाई व्यवस्थित, पारदर्शी र उत्तरदायी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ र १०२ (२) बमोजिम गुराँस गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०८३ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

### परिच्छेद–१: प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधिको नाम **"गुराँस गाउँपालिका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका व्यवस्थापन कार्यविधि, २०८३"** रहनेछ।

(२) यो कार्यविधि गुराँस राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा:**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,—

(क) **"गाउँपालिका"** भन्नाले गुराँस गाउँपालिका सम्झनु पर्छ।

(ख) **"कार्यपालिका"** भन्नाले गुराँस गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) **"स्वयंसेविका (FCHV)"** भन्नाले स्थानीय स्वास्थ्य आमा समूहद्वारा छनौट गरिएको, निश्चित अवधिसम्म स्वयंसेवक भई कार्य गर्न तत्पर भएका, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयद्वारा निर्धारित पाठ्यक्रमलाई आधार मानी सम्बन्धित प्रदेशले तयार गरेका पाठ्यक्रम अनुसार तालिम प्राप्त गरी स्थानीय स्वास्थ्य संस्थाद्वारा प्रदान गरिने विभिन्न

स्वास्थ्य कार्यक्रमहरूमा सहयोग पुर्याउने स्वयंसेवी महिलालाई जनाउँछ। साथै यस शब्दले आमा समूहबाट छनौंट भई तालिम लिन बाँकी रहेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेवी महिला समेतलाई सम्झनु पर्दछ ।

(घ) **"शाखा"** भन्नाले गुराँस गाउँपालिकाको स्वास्थ्य शाखा सम्झनु पर्छ।

(ङ) **"स्वास्थ्य संस्था"** भन्नाले गाउँपालिकाभित्रका आधारभूत अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र वा सामुदायिक स्वास्थ्य सेवा इकाई सम्झनु पर्छ।

(च) **"छनौट"** भन्नाले पहिलो पटक वा पूनः तोकिएको प्रक्रिया र विधि पूरा गरी छनौट भएको योग्य व्यक्ति सम्झनु पर्दछ ।

(छ) **"विदाई"** भन्नाले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको रुपमा स्वयंसेवी भावना एवं मर्यादाका साथ काम गरी सेवाबाट अलग भएको भन्ने सम्झनु पर्दछ ।

(ज) **"कोष"** भन्नाले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका अक्षय/प्रोत्साहन कोष सम्झनु पर्छ।

**३. कार्यविधिको उद्देश्यः** यस कार्यविधिका उद्देश्यहरु तपसील बमोजिम रहेका छनः

(क) स्वास्थ्य सम्बन्धी अत्यावश्यक ज्ञान र सीप प्रदान गररे स्थानीय स्तरमा स्वास्थ्य समस्या समाधान गर्न
(ख) महिलाहरुलाई सक्रिय बनाउने ।
(ग) स्वास्थ्य कार्यक्रमहरुलाई समूदायसम्म पुऱ्याउन सम्पर्क व्यक्तिको रुपमा कार्य गर्न इच्छुक स्वयंसेवीहरु तयार गर्ने।
(घ) समुदायमा आधारित स्वास्थ्य कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवाहरु प्रदान गर्न स्वयंसेवीहरु तयार गर्ने।
(ङ) सामुदायिक स्वास्थ्यको विकासमा समुदायको सहभागिता अभिवृद्धि गर्ने।
(च) स्थानीय स्तरमा स्वास्थ्य संचारिकाको रुपमा विकास गर्ने ।
(छ) उपलब्ध स्वास्थ्य सेवामा माग वृद्धि गरी स्वास्थ्य सेवाको उपयोगमा वृद्धि गर्ने ।

## परिच्छेद–२: स्वयंसेविकाको छनोट, योग्यता र पदमुक्ति

**४. स्वयंसेविका छनोटको योग्यता:**

(१) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको रूपमा छनोट हुन देहाय अनुसारको योग्यता हुनुपर्नेछ:

- सम्बन्धित वडा वा टोलको स्थायी बासिन्दा भई सोही क्षेत्रमा निरन्तर बसोबास गरिरहेको।
- उमेर २२ वर्ष पुरा भई ४५ वर्ष ननाघेको विवाहित वा एकल महिला।
- कम्तीमा SLC वा SEE उत्तीर्ण गरेको ।

- सामाजिक कार्यमा रुची भएको र स्थानीय समुदायले पत्याएको महिला।
- स्थानीय आमा समूहको बैठकबाट सर्वसम्मत वा बहुमतद्धारा सिफारिस भएको।
- कम्तीमा ५ बर्ष सेवा गर्न ईच्छुक रहेको प्रतिवद्धता गरेको हुनुपर्ने ।
- राजनीतिमा नलागेको र कुनै पनि राजनीतिक पदमा बहाल नरहेको ।
- कुनै पनि लाभको पदमा बहाल नरहेको ।

(२) लोपोन्मुख, आदिबासी र दलित वर्गलाई प्राथमिकता दिईने ।

**५. छनोट प्रक्रिया:**

(१) रिक्त रहेको टोल वा वडामा स्वयंसेविका छनोटका लागि सम्बन्धित स्वास्थ्य संस्थाले आमा समूह र स्थानीय समुदायलाई सूचित गर्नेछ।

(२) आमा समूहको बैठक बसी योग्यता पुगेका महिलाहरू मध्येबाट छनोट गरी स्वास्थ्य संस्था व्यवस्थापन समितिमा सिफारिस पठाइनेछ।

(३) स्वास्थ्य केन्द्र प्रमुखले सम्पूर्ण कागजात तथा प्रक्रिया रुजु गरी गाउँपालिकामा सिफारिस गर्ने,

(४) विद्यमान कानूनको परिधिभित्र रही स्वास्थ्य शाखाले प्रमुख प्रशासकीय समक्ष पेश गर्ने,

(५) सम्पूर्ण प्रक्रिया पुरा गरी कागजात समेत उचित भएमा नियुक्तिका लागि स्वीकृति दिने ।

(६) स्वास्थ्य शाखाको अन्तिम स्वीकृति पश्चात तोकिएको १८ दिने आधारभूत तालिम पूरा गरेपछि मात्र आधिकारिक रूपमा कार्यक्षेत्रमा परिचालन गरिनेछ।

**६. पदमुक्ति वा निरन्तरताको अन्त्य:**

देहायको अवस्थामा स्वयंसेविकाको सेवा स्वतः अन्त्य हुनेछ वा हटाइनेछ:

- राजीनामा दिएमा वा ६० वर्ष उमेर पूरा भएमा।
- स्वयंसेविकाले स्वैच्छिक रूपमा राजीनामा दिएमा।
- स्थायी रूपमा गाउँपालिका वा तोकिएको कार्यक्षेत्र बाहिर बसाइँसराइ गरेमा।
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहरिएमा।

- लगातार ३ महिनाभन्दा बढी समय पूर्व सूचना बिना कार्यक्षेत्रमा अनुपस्थित रहेमा वा तोकिएको जिम्मेवारी पूरा नगरेमा।
- स्वयंसेविकाले आमा समूह समक्ष सेवा छाड्ने इच्छा जाहेर गरी विदाई लिएमा ।
- प्रत्येक पाँच वर्षमा आमा समूहबाट पूनः छनौट नभएमा।
- राजनैतिक एवं कुनै पनि सरकारी वा अन्य सघ संस्थाको वैतनिक पदमा नियुक्ति वा मनोनयन लिएमा।
- शारीरिक अशक्तताका कारण असमर्थ भएमा ।
- कानूनी रुपमा फौजदारी अभियोग लागेमा ।
- मृत्यु भएमा ।

**७. स्वयंसेविकाको सेवा रद्ध गरिनेः** (१) स्वयंसेविकाको सेवा देहायका अवस्थामा रद्ध गरिनेछः

(क) स्वयंसेवी भावना तथा आचरण बमोजिम कार्य नगरेको पाईएमा,

(ख) भ्रष्टाचार, अनुशासनको उल्लङ्घन तथा नैतिक पतन देखिने कार्य गरेमा,

(ग) जनप्रतिनिधि भई वा कर्मचारीको रुपमा कहि कतैबाट दैनिक ज्यालादारी, करार र स्थायी नियुक्ती लिई सेवा सुविधा वा तलब स्केलमा रहेको पाईएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै स्वयंसेविकाले बिना सूचना चार महिना सम्म लगातार मासिक बैठकमा अनुपस्थित भएमा स्वतः सेवा रद्ध हुनेछ ।

## परिच्छेद–३: स्वयंसेविकाको काम, कर्तव्य, अधिकार र आचारसंहिता

**८. प्रमुख जिम्मेवारीहरू:**

(१) **मातृ तथा नवजात शिशु स्वास्थ्य:** गर्भवती महिलाको पहिचान, स्वास्थ्य संस्थामा गर्भजाँच (ANC) र सुरक्षित प्रसूतिका लागि प्रवर्द्धन गर्ने, आइरन चक्की, क्याल्सियम वितरण गर्ने।

(२) **बाल स्वास्थ्य र खोप:** बालबालिकालाई पूर्ण खोप, भिटामिन 'ए' र जुकाको औषधि खुवाउने कार्यक्रममा प्रत्यक्ष सहभागी हुने।

(३) **परिवार नियोजन:** अस्थायी साधनहरू (कण्डम, पिल्स) को वितरण तथा परिवार नियोजन सम्बन्धी परामर्श दिने।

(४) **सरुवा तथा असरुवा रोग नियन्त्रण:** झाडापखाला, कडा श्वासप्रश्वास (ARI), कुपोषण र नसर्ने रोगहरू सम्बन्धी चेतना फैलाउने तथा सामान्य प्राथमिक उपचार गर्ने।

(५) **आमा समूह सञ्चालन:** महिनाको एक पटक आफ्नो कार्यक्षेत्रमा आमा समूहको नियमित बैठक सञ्चालन गर्ने।

(६) **प्रतिवेदन पेश:** मासिक रूपमा तोकिएको ढाँचामा कार्यप्रगति विवरण सम्बन्धित स्वास्थ्य संस्थामा बुझाउने।

(७) **आचारसंहिता:** महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले पालन गर्नपूर्ने आचार संहिता अनुसूची-१ अनुसारको हुनेछ।

## परिच्छेद–४: प्रोत्साहन, सुविधा र सामाजिक सुरक्षा

### ९. गाउँपालिकास्तरको प्रोत्साहन र भत्ता:

गाउँपालिकाले बजेटको आधारमा स्वयंसेविकाहरूलाई देहाय बमोजिमका प्रोत्साहन र सुविधाहरू उपलब्ध गराउनेछ:

| **क्र.स.** | **सुविधाको प्रकार** | **दर / विवरण** | **भुक्तानी स्रोत/अवधि** |
|---|---|---|---|
| १ | मासिक बैठक एवं खोप कार्यक्रम लगायतको लागि यातायात खर्च | रु. १,०००/- सम्म | गाउँपालिका वार्षिक बजेट (संघ सरकारबाट हस्तान्तरण) अर्धवार्षिक |
| २ | पोशाक/पोशाक भत्ता | वार्षिक रु. १०,०००/- | वर्षको एक पटक (संघ) |
| ३ | कार्यरत महिला स्वास्थ्य स्वयंसेविका बीमा सहायता प्रति वर्ष/प्रति परिवार (५ जनासम्म) | वार्षिक रु. १,७५०/- | गाउँपालिका वार्षिक बजेट |
| ४ | राष्ट्रिय अभियान भत्ता (खोप/भिटामिन) | सङ्घीय/प्रदेश सरकारको मापदण्ड अनुसार | अभियान समापन पश्चात |
| ५ | आमा समूहको बैठक सञ्चालन यातायात खर्च | वार्षिक रु. १८,०००/- | गाउँपालिका वार्षिक बजेट |

| क्र.स. | सुविधाको प्रकार | दर / विवरण | भुक्तानी स्रोत/अवधि |
|---|---|---|---|
| ६ | प्रोत्साहन भत्ता | वार्षिक रु. १०,०००/- | गाउँपालिका वार्षिक बजेट |
| ७ | सञ्चार (मोबाइल रिचार्ज) सुविधा | मासिक रु. १००/- | मासिक रूपमा |
| ८ | दिवस मनाउने खर्च (FCHV Day) | कार्यक्रम बजेट अनुसार | डिसेम्बर ५ (मंसिर १९) |

**१०. स्वास्थ्य एवं दुर्घटना बीमा:**

(१) गाउँपालिकाले सम्पूर्ण कार्यरत स्वयंसेविकाहरूको कम्तीमा रु. १,००,०००/- सम्मको **स्वास्थ्य बीमा** र रु. ५,००,०००/- सम्मको **दुर्घटना बीमा** शतप्रतिशत अनुदानमा गरिदिनेछ।

(२) सेवाको क्रममा दुर्घटना भई घाइते भएमा उपचार खर्च गाउँपालिकाले व्यवस्था गर्नेछ।

**११. स्वैच्छिक अवकाश तथा सम्मान:**

(१) ६० वर्ष उमेर पुगी वा निरन्तर १० वर्षभन्दा बढी सेवा गरी स्वैच्छिक अवकाश लिने स्वयंसेविकालाई गाउँपालिकाले देहाय बमोजिमको **एकमुष्ठ सम्मान रकम (अवकाश कोष)** प्रदान गर्नेछ:

- **५ देखि १० वर्ष सेवा गरेका:** रु. २०,०००/-
- **१० देखि १५ वर्ष सेवा गरेका:** रु. ३५,०००/-
- **१५ वर्षभन्दा बढी सेवा गरेका:** रु. ५०,०००/- सम्म

(२) सेवाबाट अवकाश हुने स्वयंसेविकालाई गाउँपालिका स्तरीय विशेष समारोह आयोजना गरी **"दीर्घ सेवा सम्मान पत्र"** द्वारा सम्मानित गरिनेछ।

## परिच्छेद–५: FCHV कोष सञ्चालन र व्यवस्थापन

**१२. कोषको स्थापना:**

गाउँपालिका तथा प्रत्येक वडा/स्वास्थ्य संस्था स्तरमा एउटा **"महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कोष"** रहनेछ।

**१३. कोषमा जम्मा हुने रकम:**

- गाउँपालिकाले वार्षिक रूपमा विनियोजन गरेको बजेट।
- प्रदेश तथा सङ्घीय सरकारबाट प्राप्त अनुदान।
- सङ्घ-संस्था वा दानवीरहरूबाट प्राप्त सहयोग।
- कोषको ब्याज वा अन्य आम्दानी।

**१४. कोषको सञ्चालन तथा खाता:**

(१) कोषको रकम 'क' वर्गको वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ।

(२) खाताको सञ्चालन स्वास्थ्य शाखा प्रमुख र लेखा प्रमुख वा सम्बन्धित स्वास्थ्य संस्था प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(३) कोषको रकम स्वयंसेविकाको कल्याण, आपतकालीन राहत र अवकाश सुविधामै मात्र खर्च गर्न पाइनेछ।

## परिच्छेद–६: अनुगमन, मूल्याङ्कन तथा क्षमता विकास

**१५. अनुगमन तथा सुपरिवेक्षण:**

(१) गाउँपालिका स्वास्थ्य शाखा र सम्बन्धित स्वास्थ्य संस्थाका प्रमुखले प्रत्येक ६ महिनामा स्वयंसेविकाहरूको कार्यसम्पादनको अनुगमन गर्नेछन्।

(२) समीक्षा बैठकमा गुराँस गाउँपालिकाका सम्पूर्ण स्वयं सेविकाहरुले भाग लिनेछन् । गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुखले समीक्षा बैठक सञ्चालन गर्नु पर्नेछ ।

(३) समीक्षा बैठकमा समसामयिक स्वास्थ्य कार्यक्रमहरुको विषयमा छलफल गर्ने, स्वयं सेविकाबाट सम्पादित कार्यको समीक्षा गर्ने, योजना बनाउने, स्वास्थ्य समस्याको पहिचान र समाधान गर्ने, रजिष्टरको पुनरावलोकन गर्ने, स्वास्थ्य सम्बन्धी तथ्यांक संकलन गरी (जस्तैः मातृमृत्यु, नवशिशु मृत्यु, परिवार नियोजन सेवा पाइरहको दम्पत्ती संख्या) उनीहरुलाई सहयोगात्मक पृष्ठपोषण दिनुका साथै अत्यावश्यकीय सरसामानको आपुर्ति गरिनेछ ।

(४) समीक्षा बैठकमा स्वास्थ्य शाखा प्रमुखले प्रतिनिधि तथा स्वास्थ्य संस्था व्यवस्थापन समितिका सदस्यलाई आमन्त्रित गर्न सक्नेछन् ।

(५) उत्कृष्ट कार्य गर्ने स्वयंसेविकालाई प्रत्येक वर्ष गाउँपालिका स्तरमा "उत्कृष्ट स्वयंसेविका पुरस्कार" प्रदान गरिनेछ।

**१६. क्षमता विकास तथा पुनःतालिम:**

गाउँपालिकाले स्वयंसेविकाहरूको दक्षता अभिवृद्धिका लागि वार्षिक रूपमा क्षमता विकास, पुनःतालिम र स्वास्थ्य उपकरण (ब्लड प्रेसर मेशिन, थर्मोमिटर, फर्स्ट एड किट) हस्तान्तरण गर्नेछ।

## परिच्छेद–७: विविध

**१७. उत्प्रेरणा सम्बन्धी व्यवस्थाः**

(१) हरेक वर्ष मनाइदै आएको महिला स्वास्थ्य स्वयंसेविका दिवस लाई निरन्तरता दिइनेछ ।

(२) स्वयंसेविकाको परिचयको लागि बनाइएको चिन्ह, बोर्ड, परिचयपत्र, क्रम संख्या, पोशाकको राष्ट्रिय कार्यक्रम अनुसार नै निरन्तरता दिईनेछ ।

**१८. अभिलेख व्यवस्थापन:**

गाउँपालिका स्वास्थ्य शाखाले सम्पूर्ण स्वयंसेविकाहरूको व्यक्तिगत विवरण, सेवा अवधि, तालिम, र प्राप्त सुविधाको विवरण डिजिटल तथा भौतिक रूपमा सुरक्षित राख्नेछ।

**१९. दुविधा र बाधा अडकाउ फुकाउने:**

यस कार्यविधिको व्याख्या वा कार्यान्वयनमा कुनै दुविधा वा बाधा परेमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

**२०. संशोधन:**

यो कार्यविधि गाउँ कार्यपालिकाको साधारण बहुमतले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

## अनुसूची -१

### महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले पालना गर्नपूर्ने आचारसंहिता

क) अन्तर्राष्ट्रिय स्वयंसेवकको भावना अनुरुप स्वयंसेवी भावले समुदायको स्वास्थ्य अधिकार र पहुँचलाई मुल मन्त्र मानी नैतिकता, ईमान्दारी र उच्च मनोबलका साथ कार्य गर्नेछु।

ख) आफ्नो सीप र ज्ञानको उपयुक्त रुपमा सदुपयोग गरी विभिन्न स्वास्थ्य कार्यक्रममा संलग्न भई समूदायमा स्वास्थ्य सेवाको प्रवर्द्धन गर्नेछु।

ग) आफु सम्बद्ध स्वास्थ्य आमा समूह प्रति इमान्दारी तथा जवाफदेही तथा प्रतिवद्ध भई पूर्ण रुपमा कार्य गर्नेछु।

घ) स्वयंसेवकको भावना र मर्मलाई कार्यगत रुपमा उतारी समुदायको स्वास्थ्य र भलाइको प्रवद्धन गर्नेछु।

ङ) सिकेका ज्ञान र सीपको समुचित प्रयोग गरी जनसमुदायलाई स्वास्थ्य संस्था तथा गाँउघर क्लिनिकबाट स्वास्थ्य सेवा लिन उत्प्रेरीत गर्ने तथा स्वास्थ्य प्रवर्द्धन गर्न लगाउनेछु।

च) समुदायसंगको व्यवहारमा सधै विनम्र रुपमा सहयोगी हुनेछु।

छ) सेवाग्राहीको गोपनियता कायम राख्नेछु।

ज) आर्जित ज्ञान र सीपलाई व्यक्तिगत फाइदाको लागि प्रयोग गर्ने छैन।

झ) समुदाय, आमा र शिशूको उत्थानमा आफ्नो हृदय देखि नै लाग्नेछु।

ञ) स्वास्थ्य आमा समुहलाई सशक्तिकरण गर्न तथा स्वास्थ्य सेवा सुदढ गर्न यथासक्य कोशिस गर्ने छु।

ट) महिला स्वास्थ्य स्वयंसेविका कोषको भावना र मर्म अनुसार यसको दिगोपन र प्रयोगमा सहभागी हुनेछु।

ठ) समुदाय तथा ब्यक्तिको मान्यता र सस्कृतिलाई आदर गरी पक्षपात रहित सेवा दिनेछु ।

ड) स्वास्थ्य क्षेत्रमा संचालित अभियान कार्यक्रममा सक्रिय रुपले सहभागी हुनेछु।

ढ) महिला स्वास्थ्य स्वयंसेविकाले पालना गर्नुपर्ने नीति, नियमको पालना गर्नेछु।

ण) गाउँपालिका र अन्तर्गत संचालित कार्यक्रमलाई प्राथमिकता साथ सम्पन्न गर्नेछु।

त) कूनै पनि तलबी कार्यमा नियुक्त भएमा महिला स्वास्थ्य स्वयंसेविकाको उत्तरदायित्वबाट स्वतः बहिरगमन हुनेछु।

थ) जात, लिङ्ग, धर्म, भाषा, र उमेर, शारिरिक सक्षमता, राजनैतिक विचारधारा तथा मान्यताले मेरो कार्यमा बाधा पर्ने छैन भनी विश्वास दिलाउछु।

द) आधिकारीक क्रार्यक्रमहरु हुँदा आफ्नो राजनैतिक विश्वास बारे प्रचारप्रसार गर्ने छैन ।

आज्ञाले,

ओम प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत